


# ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका


# करकमल बाट पोखिएका ग्रन्थहरूका ''अमृत''



## वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल







श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

**ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमलबाट पोखिएका ग्रन्थहरूका "अमृत"**


प्रातःकालमा शान्तिपूर्वक बसेर निम्नलिखित विचारलाई वारंवार चिन्तन गर्दै त्यसलाई आफ्नो गुप्त (Sub-Consious) मनमा स्थापना गर–'अहमिन्द्रो न परा जिग्ये' (ऋग्वेद १०।४८।५), अर्थात् म शक्तिको केन्द्र हुँ। जीवनमा कहीं पनि मेरो पराजय हुन सक्तैन। म सानातिना चिन्ताबाट कहिल्यै डराउने वा मार्ग च्युत हुने मानिस हैनँ। म विकट प्रसङ्गको वेलामा कहिल्यै पराजित हुन्नँ विपत्तिहरू आँधीबेरी झैं आउँछन्, जान्छन्। म आँधीबेरीमा पनि अविचलित रहने अडिग चट्टान हुँ। विकट प्रसङ्ग या विपत्तिबाट मेरो केही बिग्रने होइन यो मेरो परीक्षा लिन आउँछ, तर म कहिले पनि परास्त हुन्नँ।

'मेरो आत्मविश्वास महान् छ। त्यो कहिल्यै साधारण अभाव र सानातिना विपत्तिबाट अस्तव्यस्त हुँदैन। मङ्गलमय प्रभुको महान् शक्तिमा अखण्ड विश्वास राख्दछु। प्रभुको शक्ति सदा मेरो साथ छ। त्यो सदा कवच झैं मेरो सहायता गर्छ। म मेरा समस्याहरूदेखि कहिल्यै आत्तिन्नँ। एक-एक गरेर तिनको समाधान गर्ने युक्ति सोच्छु, समस्याहरूको विवेकपूर्ण समाधान पत्ता लगाउँछु।

'मेरो जीवन सुरक्षित छ। ईश्वरको महान् सामर्थ्य शनैः शनैः ममा व्याप्त भैरहेको छ। वीरात्मा झैं म समस्त विपत्तिहरूको सामना गर्नेछु।'



श्री गुरुपरमात्मने नम



# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

मेरो यो, विश्वास छ- जसरी भगवान् बुद्धि एवं वाणीभन्दा पर रहेर पनि विशुद्ध बुद्धि एवं वाणीमा आउन सक्तछन् । त्यसै गरी उनी चक्षु, श्रवण तथा स्पर्षको क्षेत्रमा पनि आउन सक्तछन् । उनी सबैमा सबै थोक हुन्,त्यसैले हामी न केवल उनको चिन्तन र कथन मात्र गर्न सक्तछौं,अपितु उनलाई देख्न पनि सक्तछौं ।उनको रूप अनेक र स्वर अनन्त छ । उनको कुनै एक रूप वा वाणीलाई सर्वोतम मान्नु मनुष्यको मिथ्याभिमान हो ।










श्री गुरुपरमात्मने नम



# वेद हामो धर्म शास्त्र हो

## विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

१. सदा प्रसन्न रहने गर । आफ्नो हृदयमा आनन्दलाई चारैतिर फैलिनदेऊ जसबाट तिम्रा साथ रहनेहरू पनि आनन्दमा रङ्गिउन् । चिड्-चिडेपना र उदासीनताबाट मुखको आकृति बिग्रन्छ, पाचनशक्ति पनि बिग्रन्छ, स्वास्थ्य र सौन्दर्यको नाश हुन जान्छ । त्यसैले हाँस्ने प्रयत्न गर । हास्यबाट आयुको वृद्धि हुन्छ, यसैले सदा आनन्दमा निमग्न रहने गर ।

२. दोष दृष्टि तथा अहंकारको त्याग गर । गुणदर्शी बन र प्रत्येक शुभ वस्तुमा शुभ हेर्न सिक ।

३. सब प्रकारको सफलता आत्मविश्वासमा निर्भर छ । सदा आफ्नो मनलाई पवित्र र उत्तम लक्षणवान् बनाऊ । अरूका नराम्रा विचारहरूलाई कहिल्यै ग्रहण नगर । सत्यता, दृढता, पवित्रता र प्रसन्नताका विचारहरू-बाट शरीर र मनोबल बढ्दछ ।

४. मौन धारण गर । व्यर्थ बक्वाद नगर । आत्म प्रशंसाको त्याग गर ।



ॐ श्री गुरुपरमात्मने नम

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

यदि तिमी व्यापारी छौ या पसले छौ भने यो विचार गर – तिम्रो त्यो व्यापार धन कमाउनको लागि होइन अपितु श्रीभगवान्‌को पूजा गर्नको लागि हो । जुन-जुनसँग तिम्रो व्यवहार हुन्छ तिनीहरूलाई लाभ पुर्‍याउँदै आफ्नो आजीविका चलाउन मात्र व्यापार गर, लोभवृत्तिले होइन। व्यापारमा पाप लोभले गर्दा हुन्छ। लोभ छाड्यौ भने कुनै प्रकार पनि अर्काको हक हनन गर्ने चेष्टा हुन सक्तैन। वस्तुहरूको नाप-तौल या गन्तीमा बढी रकम लिने-दिने, बढियाको बदला घटिया दिने, कमसलको सट्टा असल लिने र आढत-दलाली इत्यादिमा शर्तभन्दा घटी-बढी पार्ने इत्यादि व्यापारिक चोरीहरु लोभबाट हुन्छन्, तर केवल लोभ मात्र छाडेर पुग्दैन, अर्काको हितको पनि चेष्टा गर्नुपर्छ । जसरी लोभी मानिस आफ्नो पसलमा कुनै ग्राहक आउँदा उसको बनावटी आदर-सत्कार गरी उसलाई ठग्ने चेष्टा गर्दछ, ठीक त्यसरी नै तिमीले कपट त्यागी ग्राहकलाई प्रेमपूर्वक सरल भावमा साँचो कुरा सम्झाएर उसको हितको वास्ता राख्नुपर्दछ। यो सम्झनुपर्दछ कि त्यसै ग्राहकको रूपमा साक्षात् परमात्मा नै पाल्नुभएको हो र उहाँको जे-जति सेवा तिमीबाट सम्भव छ त्यो कर्म हुनेछ। यो सम्झेर व्यापार गर्‍यौ भने तिमी श्रीभगवान्‌को कृपापात्र बन्नेछौ र त्यो व्यापार नै तिम्रो लागि भगवत्प्राप्तिको साधन बन्नेछ ।



ॐ

श्री गुरूपरमात्मने नमः



# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

यदि तिमी डाक्टर या वैद्य हौ भने बिरामीलाई भगवान्‌को स्वरूप सम्झी उसको लागि सेवाभावले नै उचित पारिश्रमिक लिएर औषधिको व्यवस्था गर । लोभवश रोगीलाई नसताऊ । गरीबहरूको सधैं विचार राख । तिमी आफ्नो निःस्वार्थ सेवाद्वारा भगवान्‌को धेरै प्यारो बन्न सक्छौ र भगवान्‌को प्राप्ति साह्रै सरलतासँग गर्न सक्छौ

तिमी भगवान्‌को अति नजीक हुन्छौ ।








श्री गुरुपरमात्मने नम

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

यदि तिमी हाकिम रहेछौ भने आफ्नो अभिनयअनुसार दयापूर्ण न्याय गर
तिम्रो इजलासमा कुनै पनि मुद्दा पर्‍यो भने त्यसलाई ध्यानपूर्वक सुन ।
घूस खाएर वा अरू कुनै पनि कारणले पक्षपात र अन्याय नगर
प्रत्येक न्याय माग्न आउनेलाई भगवान्‌को स्वरूप सम्झेर न्यायरूप
सामग्रीद्वारा उसको पूजा गर । उसलाई न्याय पाउने काममा सक्दो
सहुलियत देऊ र सेवाको भावले नै आफूलाई प्रशासक या न्यायाधीश
ठान,शान देखाउने अधिकृत होइन । तिम्रो यसै निष्काम सेवाबाट तिमीलाई
भगवान्‌को कृपा प्राप्त होला र तिमी भगवत्प्राप्ति गर्न सकौला ।



ॐ




श्री गुरुपरमात्मने नमः

# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

यदि तिमी वकील हौ भने पैसाको लोभले अन्यायको पैसा नलेऊ झूटा गवाहीहरू नबनाऊ र कसैलाई झन्झट दिने नीयत नराख । प्रत्येक झगडियालाई भगवान्को स्वरूप सम्झेर न्यायपक्ष ग्रहण गर । झूटा मुद्दा गर्न नसिकाऊ । तिमीले चाहेको खण्डमा भगवान्को ठूलो सेवा गर्न सक्छौ र त्यसै सेवाद्वारा तिमीलाई भगवत्प्राप्ति हुन सक्छ ।







श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

तिमी मालिक हौ भने नोकरहरूलाई दुःख नदेऊ र अभिमानवश आफूलाई धेरै ठूलो नठान। आफ्नो अभिनयअनुसार उनीहरूबाट काम चलाऊ, तर मनमनै उनीहरूलाई भगवान्‌को स्वरूप सम्झी उनीहरूको हितरूपी सेवा गर्ने प्रयास गर र गर्दै रहू। मनले कसैको तिरस्कार नगर। लोभले कसैको न्यायपूर्ण आजीविकाको हरण नगर। उनीहरूको भलाइमा लागिरहू। यसैबाट तिमीमाथि भगवान् कृपा गर्नुहोला र तिमीलाई आफ्नो परमपद दिनुहोला, जसले तिमी मालिकहरूको मालिक बन्ने होलाऊ।








श्री गुरुपरमात्मने नमः

# वेद हामो धर्म शास्त्र हो


## विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

तिमी प्रहरी अधिकृत हौ भने आफूलाई जनतारूप भगवान्‌को सेवक ठान, कसैलाई गाली नगर न त कसैलाई सताऊ। लोभ, घमन्ड, अभिमान या द्वेषवश कसैलाई कुनै वेला भुलेर पनि बेकारमा दुःख नपुऱ्याऊ। सेवाको भावले नै सारा कामहरू गर। तिम्रो काम अत्यन्त सावधानीसाथ गरिने खालको हो। यदि तिमी आफ्नो सुधार गरी यस-प्रकार भगवत्सेवामा लाग्यौ भने आफ्नो यसै प्रहरीको कामबाट तिमीलाई भगवत्प्राप्ति हुन सक्तछ।



श्री गुरुपरमात्मने नम




# वेद हामो धर्म शास्त्र हो

## विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

यदि तिमी नेता हौ या उपदेशक हौ भने आफ्नो पूजा-प्रतिष्ठाको चाहना नराख, साँचो र अनुभवसिद्ध बाटोमा मानिसहरूलाई लगाऊ, दलबन्दी नगर तथा सम्प्रदाय नबनाऊ । त्यही काम गर, त्यसलाई पनि अभिमान, लोभ र मान-सम्मान छाडेर गर, जसले सबैको हित होस् । तिम्रो यसै सेवाबाट भगवान् खुशी भएर तिमीलाई आफ्नो पद अवश्य दिनुहोला, नेताहरूको पनि महान् नेता होउला ।



ॐ श्री गुरुपरमात्मने नमः


# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

यदि तिमी जमीनदार रहेछौ भने जुनसुकै तरीकाले रैतीहरूसँग तिरो आदि असूल गरी त्यसलाई मोज र शोखमा या आफूभन्दा ठूलाबडाहरूलाई खुशी पार्नमा खर्च गर्न छाड। आफ्ना किसानहरूलाई आफ्नै परिवारका मानिसहरू सम्झी उनीहरूका सुख-दुःखको विचार गर। दुःख पर्दा उनीहरूलाई नसताऊ र आफ्नो खर्चमा कटौती गरेर पनि अनुचित कर माफ गरिदेऊ। याद राख– तिमी वा तिम्रो कुनै कारिन्दाबाट गरीब प्रजाको कुनै व्यक्तिमाथि अन्याय हुन नपाओस्। गरीबहरूको र आइमाईहरूको आदर र सम्मान गर तथा उनीहरूका केटाकेटीहरूलाई आफ्नै बाल-बच्चासरह प्यार गर, उनीहरूको आशीर्वादले तिमी फुल्ने-फल्नेछौ। तिमीलाई भगवत्प्राप्ति गर्नु छ भने जमीनदारीद्वारा नै त्यसलाई पनि प्राप्त गर्न सक्तछौ। त्यसको तरीका यो हो– रैती स्त्री र पुरुषहरूलाई आफ्ना अन्नदाता श्रीभगवान्को स्वरूप सम्झ र आफ्नो जमीनदारीको नाटकअनुसार, जो भगवान्ले नै दिएको हो, उनीहरूलाई सुख दिने नीयतले तथा उनीहरूकै पूजार्थ न्यायसाथ र सजिलोसँग उठाउन योग्य कर मात्र असूल गर। त्यसपछि पारिश्रमिकको रूपमा त्यसबाट केही अंश आफ्नो खर्चको लागि राखेर बाँकी सब सुन्दर किसिमले उनीहरूकै सेवामा लगाईदेऊ तिमीलाई जमीदारीको अभिनय यसकारण दिइएको हो कि रैतीहरूको धन उनीहरूबाट उठाएर व्यवस्थापूर्वक उनीहरूकै हितको लागि तिमी गर खर्च। उनीहरूको रेखदेख, रक्षा र सेवाको काम तिम्रो जिम्मामा छ। उनीहरूलाई सताएर मोज उडाउने तिमीलाई कुनै अधिकार छैन। यसबाट त उनीहरूको साथसाथै तिम्रो पनि दुःख अवश्य बढ्ला। यदि उनीहरूलाई भगवान्को स्वरूप सम्झी आफ्नो योग्यतानुसार भगवान्को प्राप्तिको लागि नै भगवान्को आज्ञाअनुसार उनीहरूमाथि शासन गर्‍यौ भने त्यसैद्वारा तिमीलाई भगवत्प्राप्ति भइजाला।




## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

त्यस सदाचारी पुरुषलाई हेर कि त्यो स्वयं सांसारिक द्वन्द-हरूबाट कसरी पर रहन्छ, त्यो कुन प्रकारले तिनमा लिप्त हुँदैन । कस्तो शान्त, धीर र स्थिर बुद्धि रहन्छ । उसमा कति आत्म-संयम छ, अरू सब मानिस कति सुगमताले उसका अधीन हुन जान्छन् । त्यो मान, बढाँइको भोको हुँदैन । आफना इन्द्रियहरूको स्वामी हुनाले समस्त विश्वको स्वामी छ उसको सामीप्यले दुःखीहरूको दुःख दूर हुन्छ, शान्ति प्राप्त हुन्छ। उसका वचन अमृततुल्य हुन्छन्, उसका संगबाट अपवित्र पनि पवित्र हुन जान्छ, संसार उसलाई पुज्दछ, उसमा परोपकारको अनन्त शक्ति भरिएको हुन्छ । यस प्रकार मानिस आफ्नो विचार शुद्ध गर्दा गर्दै सदाचारी हुन जान्छ ।


**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ

श्री गुरुपरमात्मने नमः




# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

स्वकर्म या स्वधर्म जतिसुकै विगुण होस्, तैपनि त्यसैमा रहेर मानिसले चित्त शुद्ध पारी आफ्नो विकास गर्नुपर्दछ, किनकि उसैमा लागिरहनाले विकास हुन सक्छ। यसमा मान-अपमानको प्रश्न नै रहँदैन। यो त मानसिक विकासको निमित्त सूत्र हो। स्वधर्म यस्तो वस्तु होइन, जसलाई ठूलो ठानी मन पराईयोस् र सानु सम्झी छाडियोस्। वास्तवमा त्यो न ठूलो न त सानो हुन्छ। त्यो ठीक हामीबराबरको हुन्छ। ॐ





ॐ


श्री गुरुपरमात्मने नमः

# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

ईश्वर पूर्ण, शुद्ध, सच्चिदानन्द स्वरूप छ । जुन भाव उसमा गरिन्छ, उसै भावको प्रतिबिम्ब--रूप फल देखा पर्दछ । यस प्रकार अनेक व्यक्ति ईश्वरलाई भज्दै आफ्ना आफ्ना भावनाका अनुसार न्यूनाधिक सांसारिक र पारमार्थिक फल यस देह तथा आगामी देहहरूमा पाउँछन् । यही कर्म फलको विज्ञान हो र यो पूर्वोक्त भावना मानिसलाई चौराशी-लाख योनि-हरूमा घुमाउने एवं अनेक जन्म-मरणको कारण बन्न जान्छ र उही शुद्ध भावनाद्वारा मानिस शुद्ध भएर ज्ञान प्राप्त गर्दछ जसबाट आफ्नो स्वरूपको लक्ष्य स्पष्ट भएर दुःखहरूको पूर्ण निवृत्ति र परमानन्दको प्राप्ति हुन्छ ।



ॐ श्री गुरुपरमात्मने नमः

# वेद हामो धर्म शास्त्र हो


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

एकपटक माधवदासलाई अतिसार रोगले सतायो। उनी निकै टाढा समुद्रको किनारमा गएर रहे। उनी यति दुर्बल भए कि उठ्नसम्मको शक्ति पनि उनमा रहेन। यस्तो अवस्थामा जगन्नाथले स्वयं सेवक बनेर उनको सेवा सुश्रूषा गर्नुभयो। जब माधवदासलाई केही होस आयो, उनले तत्काल चिने- ह्रो न ह्रो यिनी स्वयं भगवान् जगन्नाथ नै हुन् कि! यस्तो विचार गरेर उनले अचानक प्रभुका चरण समाते र विनीत भावले भने- 'हे नाथ! म जस्तो अधमका निम्ति हजूरले यस्तो विधि कष्ट किन उठाउनुभयो? प्रभु! हजूर त सर्वशक्तिमान् हुनुहुन्छ, हजूरले चाहनेबित्तिकै आफ्नो शक्तिद्वारा नै मेरा समस्त दुःख दूर गर्न सक्नुहुन्छ, यसरी कष्ट गर्ने आवश्यकता नै किन पर्‍यो?'

श्रीभगवान्ले भन्नुभयो-'माधव! म भक्तहरूको कष्ट सहन सक्तिनँ। भक्तको सेवाको लागि आफूबाहेक अरू कसैलाई उपयुक्त ठान्दिनँ, यसकारण मैले तिम्रो सेवा गरेको हुँ। तिमी स्वयं जान्दछौ-प्रारब्ध कर्म भोग नगरी नष्ट हुँदैन। यो मेरो दुर्लङ्घ्य नियम हो। यसकारण म केवल सेवा गरेर भक्तलाई प्रारब्धभोग गराउँछु र जगत्लाई यही शिक्षा दिन्छु कि भगवान् भक्ताधीन छन्।' यति भनेर भगवान् अन्तर्धान हुनुभयो।



श्री गुरुपरमात्मने नम




# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

जुन मानिस या जुन वस्तुको प्रभाव मधुर छ, महत छ, सुन्दर छ, हितकर छ, उसकातर्फ हृदयको ढोका खोलिदेउ अर्थात् नित्य बारम्बार उसको चिन्तन गर । यही नै हृदयको ढोका खोल्नु हो । यसै प्रकारले हृदयको ढोका बन्द गर्ने अर्थ हो त्यस बस्तुको विचारलाई मनमा आउन नै नदिनु र यदि आउँछ भने तत्काल त्यसलाई निकालिदिनु वा सङ्केतहरूद्वारा त्यसलाई निवृत्त गर्नु । फलानो विचार गइहालोस् यस्तो मनमा भन्ने बित्तिकै त्यो विचार जानेछ अथवा फलानो तीव्र विचार भस्म भइजाओस् भनी मनमा भन्ने बित्तिकै तत्काल त्यो भस्म हुनेछ ।



## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

यस सङ्कलनमा यथासम्भव धर्मको मौलिकताको संरक्षण गर्दै उदारनीति अपनाइएको छ। यसमको माग एवम् उदारताको नाममा धर्मको मौलिकताको परित्याग मेरो बिचारमा बाञ्छनीय हुदैन। बीचको बाटो नै ठीक हुन्छ। यति सङ्कीर्ण नवन कि अरू मानिस तिम्रो नजीक नै नआउन् र यति उदार पनि नबन कि अरूले तिम्रो अत्याधिक उदारताको अनुचित लाभ उठाएर तिम्रै लागि अनेक समस्या उत्पन्न गरिदिउन। सबै धर्मप्रति आदर र आफ्नो धर्ममा दृढ आस्था एवं विश्वास राख्नु-यही नै मध्यम मार्ग हो।



**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





ॐ

श्री गुरुपरमात्मने नम



# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

नित्य उच्च विचार वा वाक्य सावधानीले चुन र तिनलाई कण्ठस्थ गर। फेरि साधन गर्ने बेला तिनको स्मरण गर र हेर कि कण्ठस्थ छ कि छैन। जब त्यो विचार वा वाक्य मस्तिष्कमा स्थिर हुन जान्छ अरू नयाँ भावहरूको संग्रह गर।



श्री गुरुपरमात्मने नम



# वेद हाम्रो धर्म शास्त्र हो

## विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

सन्ध्याकाल वा रात्रिको अन्धकारमा आँखा चिम्लेर आफूभित्र नियाल र जे-जे त्रुटिहरू तिमीभित्र छन् तिनलाई निकाल्ने प्रयत्न गर । जे कुरा तिमी चाहन्छौ त्यसको मनमा कल्पना गर । बारम्बार यस्तो चिन्तन गर्नाले मस्तिष्कमा तिनको ध्यान चिरस्थायी हुन जाने छ र जीवनमा भित्रभित्रै परिवर्तन हुन लाग्नेछ ।



ॐ

ॐ श्री गुरुपरमात्मने नम



# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषक करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

परमात्माले मानिसलाई विचार-बल नामक एउटा अद्भूत वस्तु दिएको छ । सैकडौं मानिसहरूले यस बलद्वारा कठिनभन्दा कठिन कार्य गरिसकेका छन् । विचारको दृढता नै मनुष्यलाई ईश्वर बनाउन समर्थ न सक्छ, तर त्यो विचार साँचो र दृढ हुनुपर्छ । विचारहरूको प्रभाव र महत्त्व यति विधि छ भने तिनलाई बलवान् र दृढ बनाउने चेष्टा अवश्य गर्नुपर्छ ।





श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

**ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"**

एक साधारण कुरा नै लिऊँ-राष्ट्रको योग्य नागरिक बन्नको लागि जे-जे गुणहरूको आवश्यकता हुन्थ्यो, वेदादि शास्त्रहरूमा ती सबै धर्मका अनिवार्य अङ्ग घोषित गरिएका छन् सत्यभाषण, आवश्यकतानुसार अरूलाई मद्दत गर्नु, मातृभूमिप्रति प्रेम, सद्व्यवहार, सदाचार-पालन आदि सबै गुणहरू, जसको लागि आज कानूनी व्यवस्था गर्नुपरिरहेको छ कुनै वेला धर्मका अङ्ग थिए र मानिसहरू तिनलाई यसै विश्वाससाथ पालन गर्दथे कि उनीहरू धर्मार्जनद्वारा पुण्यभागी बनिरहेका छन् ।



ॐ श्री गुरुपरमात्मने नमः



# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

एकान्तमा बसेर १० मिनेटसम्म आँखा चिम्लेर मस्तिष्कमा पीतवर्णको ज्योतिको ध्यान गर, यसबाट तिम्रो मस्तिष्कमा ओजस्को वृद्धि भई मस्तिष्क बलवान् हुनेछ ।

आँखाको सामुन्ने पहेंलो रङ्गको ज्योतिको ध्यान गर्‍यौ भने तिम्रो देहको आलस्य घटेर बुद्धि विकास हुनेछ । काम, क्रोध, चिन्ता, निराशा, भय, मोह उद्वेग आदि विकारहरूबाट प्राणहरूको गति तीव्र हुन जान्छ । त्यसमा जीवन-शक्तिको ह्रास भएर मृत्युसम्म हुन जान्छ । यसैले सब विचारहरू र भावहरूलाई त्यागेर सदा उच्च र शुद्ध भाव नै मनमा राख्नु पर्दछ ।









श्री गुरुपरमात्मने नम




# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

भाषाको कठोरताको ठाउँ-ठाउँमा आभास हुनु सम्भव छ । यसका मुख्यतया दुई कारणहरू हुन सक्दछन् । पहिलो त मेरो आफ्नै कमजोरी र दोस्रो विवशता । मेरो गृहत्यागपछिको जीवनको तीन चौथाई भाग हिमालयका हिमच्छादित क्षेत्रहरू तथा पवित्र नदीका तटवर्ती जगंल तथा एकान्त स्थानहरूमा नै बिते र वितिरहेका छन् । मेरो बोली-चाली, खान-पान आदि धेरै मात्रामा ग्रामवासी व्यक्तिहरूबाट प्रभावित भएको छ । तिनीहरू शुद्ध भाषा त बोल्न सक्तैनन्, तर तिनको हृदय अन्य सभ्य मानिसहरूको भन्दा ज्यादा शुद्ध हुन्छ । ममा पनि भाषाको त्यही कमजोरी छ, त्यसको लागि म क्षमाप्रार्थी छु, विशेषतः हाम्रो धर्मको त यस्तै शैली छ, जस्तै-उठ्नुहोस्, जाग्नुहोस् नभनेर उतिष्ठत, जाग्रत अर्थात उठ, जाग भनिएको छ



# ॐ

ॐ श्री गुरुपरमात्मने नमः


# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

धार्मिक भावको उपेक्षा नै हाम्रो अनुशासनहीनता तथा नैतिक स्तरको ह्रासको प्रमुख कारण हो। आज चाहे जे-जस्तो अवस्था होओस्, तर अनादिकालदेखि नै हिन्दूराष्ट्र सधैं धर्ममूलक राज्य रही आएको छ। आज समयको प्रभावले गर्दा वा पाश्चात्य सभ्यताको विषालु संसर्गले गर्दा मानिसहरू चाहे धर्मलाई केवल व्यक्तिगत विचार सम्झून् अथवा केवल मन्दिर, मस्जिद र गिर्जाघरको सीमित क्षेत्रको कुरा सम्झून्, तर हाम्रो राष्ट्रमा त अतिप्राचीन कालदेखि नै धर्मको विषय जीवनका सम्पूर्ण क्षेत्रहरूमा यति व्यापक रूपमा फैलिएर रहेका छ जसरी शरीरमा रगत। जसरी रक्तहीन शरीरको कल्पना पनि गर्न सकिन्न, त्यसरी नै धर्मनिरपेक्ष राष्ट्रको पनि कल्पना गर्न सकिंदैन। अनुवादको अधूरो प्रणालीले गर्दा आज यस शब्दले युवावर्गमा आफ्नो विष बडो भद्दा किसिमले फिंजाइदिएको छ, जसले अनुशासनहीनता तथा अनैतिकतालाई प्रोत्साहन दियो र दिइरहेको छ। अंग्रेजी अनुवादले हाम्रो भाषाका शब्दहरूका भावलाई पूर्ण रूपले अभिव्यक्त गर्न सक्तैन र कहिलेकाहीं त यसले एकदमै भिन्न प्रकारको भाव पनि अभिव्यक्त गरिदिन्छ, जो अनर्थको कारण बन्न सक्तछ। **धर्म-निरपेक्ष** यस्तै एक शब्द हो। यसको वास्तविक अर्थ हो- सबै धर्महरूलाई समान आदर र आफ्नो धर्मप्रति दृढ आस्था एवम अगाध श्रद्धा' तथा भ्रामक अर्थ छ- 'कुनै पनि धर्मलाई नमान्नु।' दुर्भाग्यवश आजका युवापीढी ज्यादाजसो यसै भ्रामक अर्थको अनुयायी बन्दै गइरहेको छ जसको फलस्वरूप अनुशासनहीनता र अनैतिकता पूर्ण वातावरणको सृजना हुँदै गइरहेको छ।








श्री गुरुपरमात्मने नमः

# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

हाम्रो सच्चा जीवन आन्तरिक हो, त्यसैले सच्चा परिवर्तन वाह्य स्थितिमा होइन आन्तरिक स्थितिमा गर्नु छ । जीवन बल, सुख, शक्ति, शान्ति एवं आनन्द भित्रबाट नै प्राप्त गर्नु छ । जो भित्र छ, त्यो समय पाएर बाहिर आउँछ । जो मनमा हुन्छ, त्यो वाणीबाट प्रकट हुन्छ, जो विचारहरूमा हुन्छ त्यही कार्य रूपमा परिणत हुन्छ, जो मनमा हुन्छ त्यही तेजरूपले आँखामा दृष्टिगोचर हुन्छ, जो शरीरमा हुन्छ त्यही नाडीहरूमा थाहा हुन्छ । यी नियमहरूलाई हृदयङ्गम गर र आफूभित्रका तत्वहरूलाई सुधार्दै आफ्नो आन्तरिक अस्तित्वमा स्थित होउ । बाहिरी वस्तुहरूको असर मनमा उत्ति नै हुन्छ जत्ति हामी चाहन्छौं । यदि हामीलाई मनको ढोका बन्द गर्न आउँछ भने बाहिरी वस्तुहरूको असर हामीमाथि हुन सक्दैन । जसरी हामीलाई हृदयको ढोका बन्द गर्न आउँछ उसै गरी हृदयको ढोका खोल्न पनि आउनु पर्छ ।



ॐ



ॐ श्री गुरुपरमात्मने नमः

# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

चित्तमा सदा सत्–सङ्कल्प रहनु पर्दछ, यसको लागि सत्संग, सद्ग्रन्थ पाठ, सत्कर्म, सद्गुरु सेवा, आदिको आवश्यकता छ । जसको चित्त सत्-सङ्कल्पले भरिएको छ, उही सुखी र परोपकारी हो किनकि उही आफ्ना सत्सङ्कल्पहरूबाट अरूलाई सन्मार्गमा लगाउन सक्छ ।

तिम्रो चित्तमा कहिल्यै नराम्रो कल्पना आउन सक्दैन, तिमी पवित्र छौ भन्ने निश्चय गर । भगवान्को कृपाले तिम्रो हृदय पवित्र भइहाल्छ ।







ॐ

श्री गुरुपरमात्मने नमः



# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमलबाट पोखिएका ग्रन्थहरूका "अमृत"

निराशा र चिन्ताका विचारहरूले आँत (आन्द्रा) हरूको रोग हुन्छ तथा बदला लिने इच्छाले भय, चिन्ताले मन निरन्तर एउटै विषयमाथि लागि रहनाको कारण मस्तिष्कलाई हानि पुगेर नष्ट-भ्रष्ट हुन जान्छ ।

शोक घूनको समान हो । जस्तो घूनले चनालाई भित्रबाट खाएर खोक्रो गरिदिन्छ, उस्तै नै शोक पनि शारीरिक बललाई नष्ट गर्दछ ।


ॐ
श्री गुरुपरमात्मने नमः
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल
ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका
करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"
संसारमा जति महापुरुष भएका छन्, सबले यस नियमलाई पालन गरेका हुन् । प्रत्येक व्यक्तिमा हुनु पर्ने सबभन्दा ठूलो कुरा चरित्र बल हो । सच्चरित्र व्यक्तिको लागि कुनै पनि कार्य दुर्लभ छैन ।



श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

नास्तिकतामा निराशा एवम् अन्धकार बाहेक अरू मिल्दछ पानी के र? तब के तिमी यस नैराश्यपूर्ण अन्धकारमा प्रसन्न रहन सक्तछौ? अहँ। के तिमी सुखको खोज र इच्छाहरूलाई छाड्न सक्तछौ? अहँ। अब, संसारमा सुख छैन र सुखको खोजी छाड्न सकिन्न भने के गर्ने? यसको उत्तर यही नै हुन आउँदछ-या त त्यो मृग जस्तो हुनुपर्‍यो, जो प्यासले व्याकुल भई मरुभूमिमा माया-मरीचिकाको पछि-पछि दौडन्छ, तर उसले त्यहाँ कहीं पानी पाउँदैन र छटपटाएर प्राणत्याग गदछ, अथवा कससग साधेर जलको खोजी गर्नुपर्‍यो, जलाशयको पत्ता लगाउनुपर्‍यो। त्यसैले 'सुख कसरी पाइन्छ?'-को उत्तर यही नै हुन आउँदछ-ईश्वरलाई चिन। ईश्वर नै हाम्रो त्यस आवश्यकताका पूर्ति हुन्



श्री गुरुपरमात्मने नमः



# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"


मस्तिष्कको प्रथम भाग बुद्धि सम्बन्धी काम गर्दछ र सानो मस्तिष्क जो मेरूदण्डको छेउ हो, त्यो इच्छानुवर्तिनी मांस-पेशीहरूलाई गति प्रदान गर्दछ ।

अनुचित भाव तथा विचारहरूलाई मस्तिष्कमा प्रवेश हुन नदेऊ । दृढता साथ मनमनै भन "हे मलीन विचारहरू हो ! तिम्रो लागि यहाँ कुनै स्थान (ठाउँ) छैन यसैले जाउ, गइहाल ।" ती तत्काल गइहाल्नेछन्, लोप हुने छन् ।









ॐ श्री गुरुपरमात्मने नमः



# वेद हाम्रो धर्म शास्त्र हो

## विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

### ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

- तिमी त्यस समयसम्म निर्बल र दीन दशामा रहन्छौं जबसम्म तुच्छ र नीच विचारहरूका अधीन रहन्छौं । तिमीले आफ्नो मनमा उच्च भावहरूलाई र उच्च आकांक्षाहरूलाई स्थान दिनु पर्दछ ।





ॐ श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

आफ्नो शरीर पनि अन्तर्यामी भगवान्कै मन्दिर हो। यसकारण भगवान्को मन्दिरलाई स्वच्छ र पवित्र राख्नु परम कर्तव्य हो। अन्तःकरणरूपी मन्दिरको अन्तर्गृहमा अविद्या-को अन्धकार, वासनाको फोहरमैला र अभिमानको दुर्गन्ध रहनु हुँदैन। काम, क्रोध आदिलाई त्यागेर गरिने सन्ध्या, पूजा, आरती, योग, पुष्पचयन, धूप, दीप, दान आदि अर्चावतारको सेवा हो। यो सेवा प्रतिमा वा मूर्तिमा गरिन्छ। आफ्नो भोजन जब भगवान्को भोगको लागि तयार गर्नौला, तब अमेध्य, अपवित्र भोजन खानु तिम्रो लागि भगवत्सेवा हुनेछैन। किनभने अमेध्य भोजन भगवान्लाई अर्पण गरिँदैन। भोजन, कर्म, पूजा, दान र तपस्या जे-जति गर्छौ, सबै भगवान्मा अर्पण गरिदेऊ। यसो गर्नाले कर्मको भेदले तिमीलाई स्पर्श गर्न सक्तैन।